# JP-2-13

This booklet contains 20 pages.
इस पुस्तिका में 20 पृष्ठ हैं ।

**PAPER II / प्रश्न-पत्र II**
**Nepali Language Supplement**
**नेपाली भाषा परिशिष्ट**
**PART IV & V / भाग IV & V**

**Test Booklet Code**
**परीक्षा पुस्तिका संकेत**

**P**

**Test Booklet No.**
**परीक्षा पुस्तिका संख्या**

553393

**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**
**Read carefully the Instructions on the Back Cover (Page 19 & 20) of this Test Booklet.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20) पर दिए निर्देशों को ध्यान से पढ़ें ।**

**For instructions in Nepali see Page 2 of this Booklet. / नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें ।**

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH.**
2. Candidates are required to answer Parts I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Blue / Black Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **P**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language I - (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language II - (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The languages being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part -V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

## *परीक्षार्थियों के लिए निर्देश*

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I एवं भाग II या III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल नीले/काले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत है P** । यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा I - (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा II - (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए ।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

Name of the Candidate (in Capitals) : ______________________
परीक्षार्थी का नाम (बड़े अक्षरों में) :
Roll Number : in figures ______________________
अनुक्रमांक : (अंकों में)
: in words ______________________
: (शब्दों में)
Centre of Examination (in Capitals) : ______________________
परीक्षा केन्द्र (बड़े अक्षरों में) :
Candidate's Signature : ______________ Invigilator's Signature : ______________
परीक्षार्थी के हस्ताक्षर : निरीक्षक के हस्ताक्षर :
Facsimile signature stamp of
Centre Superintendent ______________________

P P

यस पुस्तिकामा 20 पृष्ठ छन् ।

# JP-2-13

परीक्षा पुस्तिका संङ्केत

**P**

**प्रश्नपत्र II**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

***परीक्षार्थीहरूका लागि निर्देश :***

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I व भाग II **या** III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V को अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाई अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा निशान लगाउनको लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत** P हो । यो सुनिश्चित गर्नु कि यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा 60 बटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्का छन् ।
   भाग IV : भाषा I – (नेपाली) *(प्र. 91 बाट प्र. 120)*
   भाग V : भाषा II – (नेपाली) *(प्र. 121 बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् कि यो तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क : अङ्कमा ____________________

: शब्दमा ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of
Centre Superintendent ____________________

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI** as **LANGUAGE - I.**

# भाग – IV
## भाषा – I
## नेपाली

**निर्देश :** दिइएको अनुच्छेद पढ्नुहोस् अनि सही विकल्पको चयन गरी तलका प्रश्नहरूको (प्रश्न **91** देखि **99**) उत्तर दिनुहोस् ।

शिशिरभरि दक्षिणतिर झरेको सूर्य वसन्तको आगमनसाथै उत्तरायन हुन्छन् । सूर्यको कण-कणमा जादु हुन्छ । यसैले सूर्यको स्पर्शले मात्र पनि माटो र समय बन्दछ औ त्यहाँ अद्भुत खेल जुटिन्छ । यसरी पौधाहरू मौलाएर निस्कन्छन् । वसन्त यौवनमा अलमस्त बन्छ र प्रकृति रङ्गिन भएको हुन्छ । अधि उजाड देखिएका वन-जङ्गल हरियालीपूर्ण हुन्छन्, वसन्तमा प्रकृति यौवनले पूर्ण युवतीझैं मुग्धकारी बन्छ- सुन्दरताले लटरम्म देखिन्छ । दुःख र अशान्तिको लेश मात्र पनि कहीं देखिंदैन, तर चारैतिर आनन्दै आनन्द मात्र छाउँछ । यो ऋतु नै हर्षको ऋतु हो, आनन्द र उत्सवको क्षण हो ।

वसन्त ऋतुहरूको राजा हो औ वसन्तमा मनाइने उत्सव होली पनि चाडहरूको राजा नै भएको छ । यसै यो धार्मिक प्रथाबाट नै किन सुरु नगरिएको होस्, तर यसको राष्ट्रिय रूप अधिक व्यापक एवं ग्राह्य भएको छ । रङको होली भावनाको होली बन्दछ । ऐतिहासिक तथ्य-अनुसार होलीका दुई स्रोतहरू छन् । धार्मिक रूपमा होली हिरण्याक्ष राक्षसकी बहिनी होलिका र भक्त प्रह्लादको कथासँग सम्बन्धित छ । होलिकालाई आगोले पोल्न नसक्ने वरदान प्राप्त भएकाले उसले एक दिन प्रह्लादलाई भस्म गराउन भनी उसलाई लिएर आगोमा पसी । तर ऊ भस्म भई औ प्रह्लाद जस्ताको तस्तै रहे । यही घटनालाई लिई आज पनि होलिका दहन गराउने चलन छ । राति यो कार्य सम्पन्न भएपछि अनि अर्को दिन अबिर लगाउने कार्य हुन्छ । होलीको चाड मनाउने अर्को कारण यो पनि मान्न सकिन्छ कि चैतमा पाकेको 'रबी फसल' चना आदि वसन्त ऋतुको नवान्न हो । यसैले अन्न (चना) पाकेको खुसीमा यो उत्सव मनाइएको हो । भारतझैं कृषिप्रधान देशमा यस्तो हुनु स्वाभाविक पनि देखिन्छ । यसरी नै मङ्सिरमा फसल तयारी भएको आनन्दमा दीपावलीको तिहार मनाइन्छ ।

होलीको समय सबैजना सबै प्रकारको भेदभाव भुलेर रङमा रङ्गिन्छन् । सब सङ मिलाएर एक रङ भएझैं राष्ट्रमा भएको जाति-पाती औ साना-ठुलाको सम्पूर्ण भिन्नता भुलेर होलीले एउटै राष्ट्रको भावना उत्पन्न गराउँछ । यस उत्सवले वैरभाव भुलाएर प्रेमभावको जागरण गराउँदछ । निश्चय होली साम्प्रदायिक चाड होइन, यो वास्तवमै राष्ट्रको चाड हो । एक समय थियो, जब कि मानिस प्रेम र आनन्द जगाउन रङ लगाउँथे; तर आज त्यही होलीमा प्रेम र सौहार्द्र होइन परन्तु घृणा र दुर्भावना फैलाइरहेछन् औ अपमान र कुत्सित भावनाले रङ फ्याँक्न लागेका छन् । फलतः समय समयमा साम्प्रदायिक वा अन्य प्रकारका दङ्गा फसादहरू पनि हुन लागेका छन् । यस्ता घटनाहरूले होलीको पवित्र भावना नै कुण्ठित बनाइरहेछ मात्र होइन, राष्ट्रको नाममै कलङ्क लगाइरहेछ ।

**91.** होलीलाई विशेष गरी यस किसिमको पर्वका रूपमा वर्णन गरिएको छ

(1) धर्म र अध्यात्मसँग सम्बन्धित पर्व

(2) भारतमा मात्र पालन गरिने पर्व

(3) साम्प्रदायिक सौहार्द्र र सद्भावनाको पर्व

(4) वसन्त ऋतुमा आउने एउटा मात्र पर्व

**92.** "सूर्यको कण-कणमा जादु हुन्छ ।" – कुन प्रकारको अभिव्यक्ति हो ?

(1) आलङ्कारिक तथा काव्यिक

(2) वक्तव्य

(3) आप्तवाणी

(4) व्याकरणिक विचलनयुक्त

**93.** तलको कुनमा सबै शब्दहरू 'सूर्य' – का पर्यायवाची हुन् ?

(1) भाष्कर, प्रभाकर, दिनकर, रवि

(2) भाष्कर, भानु, रवि, सगर

(3) भाष्कर, प्रभाकर, घाम, व्योम

(4) दिनकर, रवि, भानु, सौदामिनी

94. "वसन्तमा प्रकृति यौवनले पूर्ण युवतीझैं मुग्धकारी बन्छ" – यस वाक्यमा 'मुग्धकारी' का स्थानमा तलको कुन शब्दचाहिं मिलाउन सकिंदैन ?

(1) मनमोहक

(2) मनोहारी

(3) सुन्दर

(4) निहारिका

95. 'दुर्भावना' शब्दको निर्माण कुन प्रक्रियाद्वारा भएको छ ?

(1) समास प्रक्रिया

(2) सन्धि प्रक्रिया

(3) परसर्ग प्रक्रिया

(4) अर्थान्तरण प्रक्रिया

96. 'धर्म' शब्द नाम हो भने 'धार्मिक' कुन वर्गको शब्द हो ?

(1) क्रियायोगी

(2) नामयोगी

(3) पुरुषवाचक सर्वनाम

(4) विशेषण

97. "होलीको समय सबैजना सबै प्रकारको भेदभाव भुलेर रङ्मा रङ्गिन्छन् ।" – 'रङ्गिन्छन्' शब्द निर्मित छ

(1) कृदन्तका रूपमा

(2) नामधातुमा प्रत्यय लागेर क्रियापदका रूपमा

(3) रूपायित नहुने क्रियाका रूपमा

(4) क्रियार्थक नामका रूपमा

98. 'उत्तरायन' मा सन्धियुक्त भएको 'अयन' शब्दले बुझाउँछ

(1) बाह्र हप्ता

(2) छ महिना

(3) पक्ष

(4) ऋतु

99. पाठमा भएको 'होलिका र प्रह्लाद' को प्रसङ्गलाई वास्तवमा के मान्न सकिन्छ ?

(1) ऐतिहासिक

(2) याथार्थिक

(3) लौकिक-काल्पनिक

(4) पौराणिक

**निर्देश** : दिइएको कविता पढ्नुहोस् अनि सही विकल्पको चयन गरी तलका प्रश्नहरूको (प्रश्न **100** देखि **105**) उत्तर दिनुहोस् ।

घरि-घरि हावा भरिरहनुपर्ने
'पङ्कचर' भएको -
'बाइसिकल' को 'ट्युब' जस्तो यो जीवन
कति टिठलाग्दो छ
टाल्यो-उप्किन्छ
उप्किन्छ-टाल्यो
टाल्दा टाल्दै टाल्ने ठाउँ नै हराइसक्छ
र पनि नटाली धर छैन
नगुडी चक्कालाई सुख छैन ।

100. कवितामा कस्तो कथ्यको प्रस्तुति छ

(1) जीवन दर्शनको व्याख्या

(2) दार्शनिक चिन्तकको उद्धरण

(3) जीवनप्रतिको दर्शन

(4) दर्शन र जीवनको सम्बन्ध

**101.** 'टाल्यो-उफ्किन्छ उफ्किन्छ-टाल्यो' – पदावलीका स्थानमा 'टाल्यो-टाल्यो, उफ्किन्छ-उफ्किन्छ' प्रयोग गरिए त्यस्ता पदलाई के भनिन्छ ?

(1) द्वित्व

(2) समस्त पदावली

(3) सन्धिमुक्त सन्धि

(4) चमत्कार शैली

**102.** "नगुडी चक्कालाई सुख छैन" – पङ्क्तिले बुझाउँछ

(1) जीवनको अर्थहीनता

(2) जीवनप्रतिको निराशाजनक अभिव्यक्ति

(3) जीवनको सङ्घर्ष

(4) जीवनको मूल्य

**103.** तलकामध्ये कुनमा चाहिं 'हावा' शब्दका पर्यायवाची छन्

(1) मारुत, पवन, समीर

(2) तरु, पवन, समीर

(3) जलद, समीर, मारुत

(4) वायु, समीर, आदित्य

**104.** 'बाइसिकल्' को 'ट्युब' जस्तो यो जीवन – पदावलीमा कुन अलङ्कार परेको छ

(1) यमक

(2) उपमा

(3) रूपक

(4) दीपक

**105.** 'पङ्कचर', 'बाइसिकल' र 'ट्युब' मा समानता छ.

(1) यी तत्सम शब्द हुन्

(2) यी कवितामा प्रयुक्त गर्नैपर्ने शब्द हुन्

(3) जीवनको व्याख्याका निम्ति यी उपयुक्त छन्

(4) यी झर्रा शब्द होइनन्

**निर्देश :** सबैभन्दा उपयुक्त विकल्पको चयन गरी तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

**106.** पढ्दा 'सङ्ग्रहण दक्षता' भन्नाले बुझिन्छ

(1) नोट लिनु

(2) विश्लेषण

(3) समाधान

(4) नोट बनाउनु

**107.** सुन्ने-बोल्ने योग्यताको मूल्याङ्कन कक्षामा भएको तल प्रस्तुत वार्तालाप पढ्नुहोस् । तपाईं प्रत्येक विद्यार्थीको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

शिक्षक : तिम्रो मनपर्दो खेलका विषयमा आफ्ना साथीसँग कुरा गर ।

विद्यार्थी 1 : किन ? हामी चर्चा गर्न सक्दैनौं ?

विद्यार्थी 2 : हवस्.... म उनीसँग कबड्डीबारे कुरा गर्न सक्छु ?

(1) विद्यार्थी 2 सही छ, विद्यार्थी 1 ले आफ्नो उत्तर ठिकसँग दिएको छैन

(2) विद्यार्थी 1 सही छ, विद्यार्थी 2 ले ठिकसँग उत्तर दिएको छैन

(3) विद्यार्थी 1 र 2 ले सही उत्तर दिएका छन्

(4) विद्यार्थी 1 र 2 ले गलत उत्तर दिएका छन्

**108.** शोधअनुसार, पढाइमा उत्तरोत्तर सफलता हेतु स्कुल जान अधिका नानीहरूको ज्ञानको निर्माण र विकासका निम्ति निम्नलिखित मध्ये एउटा मात्र महत्त्वपूर्ण गृह-कार्य हो

(1) नानीहरूले बालगीतहरू कण्ठस्थ गर्नु

(2) स्कुलबारे परिवारमा कुराकानी हुनु

(3) अभिभावकले नानीहरूका निम्ति कराएर पढ्नु

(4) अभिभावकले वर्णमाला सिकाउनु

**109.** कराएर पढिरहेको कुनै विद्यार्थीले छापामा भएको कुनै शब्दका साटो अर्थमिल्दो अर्को शब्द फेरेर पढ्छ भने शिक्षकको सबैभन्दा उपयुक्त प्रतिक्रिया हुन्छ

(1) विद्यार्थीलाई उक्त शब्द सच्च्याएर फेरि पढ्न लाउनु

(2) विद्यार्थीलाई पढिरहन दिनु

(3) कराएर सही शब्दको उच्चारण गर्दै भुल सुधारिदिनु

(4) दुवै शब्दहरू लेख्नु अनि पाठमा भएको शब्द विद्यार्थीलाई चिन्न लगाउनु

**110.** अघिबाटै लेखिएको शैलीको अनुकरणविपरीत मौलिक शैली एउटा यस्तो लेखन हो

(1) आख्यानात्मक

(2) संवादात्मक (नाटकका निम्ति)

(3) सृजनात्मक

(4) पत्रात्मक

**111.** शिक्षाको कुन क्षेत्रले उच्चतर कोटिको विचार संस्थापित गर्छ ?

(1) स्मरण

(2) बुझाइ

(3) मूल्याङ्कन

(4) प्रयोग

**112.** भाषाको एउटा भेद, जो भाषाका वक्ताहरूको एउटा निर्दिष्ट समूहको विशेषताका रूपमा रहेको हुन्छ

(1) उच्चारण

(2) भाषिका

(3) बलाघात

(4) सुर

**113.** कुन माध्यमले अत्यधिक सिकाइको अनुभव दिंदछ ?

(1) टेलिभिजन, रेडियो

(2) प्रोजेक्टेड माध्यम

(3) नमुना अनि चार्ट

(4) क्षेत्र भ्रमण

**114.** सिनेमा हलमा तपाईंका पछिल्तिर बसेको मानिस मोबाइल फोनमा कुरा गर्न थाल्छ । तपाईं उसलाई त्यसो नगर्ने अनुरोध गर्न कुन विकल्प लिनुहुन्छ ?

(1) कराएर बात मार्न बन्द गर्नहोस् ।

(2) कृपया हलभित्र मोबाइल फोनको प्रयोग नगर्नुहोस् न ।

(3) तपाईं मोबाइल फोनको व्यवहार नगर्न सक्नुहुन्न, कृपया ?

(4) तपाईं मोबाइल फोनको व्यवहार बन्द गर्न सक्नु हुन्थ्यो कि ?

**115.** अनुनयी (Persuasive) लेखनमा निम्न कुरा सम्मिलित रहन्छ

(1) कामको मूल्याङ्कन, सम्पादकलाई पत्र

(2) जीवनी, आत्मजीवनी

(3) विश्वकोशका लेखहरू/आरेख

(4) समाचारका प्रतिवेदन, पाठ्यपुस्तक

**116.** उत्कृष्ट विद्यार्थीहरूको आत्मबोधी (Metacognitive) दक्षताको विकास गर्न शिक्षकले यीमध्ये कुन कुरा गर्नुपर्छ ?

(1) विद्यार्थीहरूको पढाइलाई सहयोग गर्न उनीहरूलाई विश्वका केही पूर्वपठनबारे प्रश्न दिनु

(2) पाठको चयन बुझ्नका निम्ति आवश्यक नयाँ शब्दावली विद्यार्थीहरूलाई कण्ठस्थ गर्न लगाउनु

(3) पढाइका अवधिमा स्वयंमा जिज्ञासा उमार्ने प्रारूप (model self-questioning) प्रोत्साहित गर्नु र समर्थन गर्नु

(4) विद्यार्थीहरूलाई एका-अर्काका निम्ति बोध-प्रश्नावली लेख्ने अवसर प्रदान गर्नु

**117.** 'प्रसङ्ग वाक्य' त्यो वाक्य हो जसले बुझाउँछ

(1) प्रबन्धको मूल विचार

(2) कविता वा निबन्धको शीर्षक

(3) अनुच्छेदको मूल विचार

(4) लेख वा प्रलेखमा रहेको उपशीर्षक

**118.** विद्यार्थीलाई विश्वप्रेम र शान्तमय भविष्यप्रतिको सोचतर्फ प्रेरित गर्नु अनि विद्यार्थीलाई प्रेम गर्नु र अरूहरूलाई प्रेम गर्न प्रेरित पनि गर्नु भन्ने उद्देश्य रहेको शिक्षा हो

(1) दूर

(2) प्राज्ञिक

(3) व्यावसायिक

(4) नैतिक

**119.** पाठमा रहेका अन्यान्य शब्दहरूबाट अप्रचलित शब्दहरूका अर्थ निगमन गर्ने दक्षता हो

(1) सुन्नु

(2) बोल्नु

(3) पढ्नु

(4) लेख्नु

**120.** जब तपाईं कुनै समाचारपत्र एउटा निश्चित विज्ञापन ध्यानपूर्वक पढ्नुहुन्छ, त्यो कौशल (पढाइ) हो

(1) गम्भीर

(2) अवलोकन

(3) विस्तारित

(4) सर्सर्ती

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI** as **LANGUAGE - II.**

# भाग – V
# भाषा – II
# नेपाली

**निर्देश** : दिइएको अनुच्छेद पढ्नुहोस् अनि सही विकल्पको चयन गरी तलका प्रश्नहरूको (प्रश्न **121** देखि **129**) उत्तर दिनुहोस् ।

जसरी पुरुषलाई संसारमा दरिलो गरी उभिनलाई परिवार, समाज र राष्ट्रप्रतिको आफ्नो कर्त्तव्य सफलतासित पालन गर्न सक्नुलाई उचित शिक्षा र तालीमको आवश्यकता हुन्छ, त्यसरी नै स्त्री-जातिलाई पनि परिवार, समाज र राष्ट्रप्रतिको आफ्नो कर्त्तव्य निभाउनलाई उचित शिक्षाको प्रयोजन छ ।

शिक्षित र अशिक्षितले गरेको सानोभन्दा सानो काममा पनि महान् पार्थक्य हुन्छ । विश्वमा स्त्री-जातिको जिम्मावारी महत्त्वपूर्ण छ । भावी सन्ततिहरूको लालन-पालनमा माताहरूको ठूलो उत्तरदायित्व छ अनि सुशिक्षित माताहरूबाट नै यो उत्तरदायित्वको होशियारीसाथ पालन हुन सक्छ । सुशिक्षित माताहरूको उचित देखरेखमा हुर्केका शिशुहरू नै देशका असल नागरिक बन्न सक्छन्, एक योग्य व्यक्ति बनेर, व्यक्तित्त्व लिएर विश्वमा उपस्थित हुन सक्छन् ।

कति मानिसहरू यस्ता पनि छन् कि तिनीहरू स्त्री-जातिलाई सामान्य शिक्षाबाट पनि वञ्चित राख्न चाहन्छन् । तिनीहरू भन्छन् कि शिक्षा दिनाले स्त्रीजाति बिग्रन्छ । तर यो एक तर्कहीन कुरो हो - भूल धारणा हो । शिक्षा प्राप्त गरेर पुरुष जाति लाभान्वित हुन सक्छ भने त्यस्तै शिक्षा प्राप्त गर्नाले स्त्री-जाति कसरी बिग्रन्छ ? शिक्षा प्राप्त गरेर नै श्रीमती विजयलक्ष्मी पण्डित, श्रीमती सरोजिनी नायडू, श्रीमती इन्दिरा गाँधी आदि स्त्री-जातिहरू पुरुष-जातिसित टक्कर लिएर विश्व-प्रसिद्ध हुन सके भने शिक्षा प्राप्त गरेर स्त्री-जाति बिग्रन्छ भनी कसरी भन्नु ? विश्वका कतिपय महापुरुषहरूका जीवनमा पनि शिक्षित माताहरूको महत्त्वपूर्ण प्रभाव परेको कुरा विश्वको इतिहासले हामीलाई जनाएको छ ।

आज विश्वका हरेक देशका स्त्रीहरू उचित शिक्षा प्राप्त गरी जीवनका विभिन्न क्षेत्रमा पुरुषको बराबरी अग्रसर भइरहेका छन् । राजनैतिक, साहित्यिक, सांस्कृतिक एवं अरू कुनै पनि क्षेत्रमा आज स्त्री-जाति पुरुषभन्दा पछि देखिंदैन । यी सबै सम्भव हुन सके केवल स्त्री-जातिमा पनि शिक्षाको प्रचार र प्रसार भएको कारणले ।

स्त्री-शिक्षाबाट केवल लाभै-लाभ छ । स्त्री-जातिलाई शिक्षा प्रदान गर्नाले उनीहरू घरलाई मात्र संसार नठानेर संसारलाई घर ठानी सोहीअनुसार विशाल, विस्तृत दृष्टि लिएर आफ्नो कार्य सम्पादन गर्नमा सफल हुनेछन् । शिक्षित भएको कारणले स्त्री-जाति शारीरिक र गार्हस्थ सफाइमा ध्यान दिई परिवारको सुव्यवस्थाको ध्यान राख्छन् । घरमा माता शिक्षित भए शिशुहरूलाई प्राथमिक शिक्षा प्राप्त गर्नमा केही कठिनाइ पर्दैन । पाठशाला जानुको अघिबाटै माताको काखमा लुटुपुटु गरी शिशुहरूले प्रारम्भिक शिक्षाको ज्ञान धेरै मात्रामा प्राप्त गरिसकेका हुन्छन् । शिक्षित माता भएको घरमा सबै कुराको उचित प्रबन्ध र हेरचाह हुन सक्छ र उक्त घर स्वर्गतुल्य बन्दछ् ।

**121.** 'शिक्षा प्राप्त गरी स्त्री जाति बिग्रन्छ' भन्ने कुराको खण्डन कसरी गरिएको छ ?

(1) ऐतिहासिक तिथि मितिसहितको विवरण दिएर

(2) विविध शोधका आधारमा तथ्य सङ्ग्रह गरी

(3) शिक्षित महिलाहरूको दृष्टान्त दिएर

(4) दृष्टान्तका रूपमा नपढेका र शिक्षित नबनेका स्त्रीहरूको दुर्दशा देखाएर

122. राजनैतिक, साहित्यिक, सांस्कृतिक - यी पद-हरूमा समानता यसकारण छ,

(1) सबै पदहरू नाम हुन्

(2) पदहरूको निर्माण एउटै प्रक्रियाद्वारा भएको छ

(3) सबै पदहरू क्रियायोगी हुन्

(4) सबै पदहरू स्त्री जातिका प्रसङ्मा प्रयोग गरिन्छन्

123. घरकी आमा शिक्षित हुँदा नानीहरूले प्राप्त गर्ने सुविधा हो/हुन्

(1) पालन पोषणका नयाँ नयाँ तरिका आविष्कार गरी आमाहरूले सन्तान हुकाउँछन्

(2) पुरुष सँगसँगै काम गर्न गएर आमाले पनि धन आर्जन गर्दा सन्तानलाई आर्थिक कठिनाइ हुँदैन

(3) शिक्षित आमाहरूले छोराछोरीलाई पिट्दैनन्

(4) उनीहरूलाई उचित पालन पोषण र शिक्षा प्राप्त गर्नमा सहयोग

124. 'तर्कहीन कुरो' – मा तर्कहीन पद कस्तो हो ?

(1) गुणवाचक विशेषण

(2) भाववाचक नाम

(3) परिमाणबोध क्रियाविशेषण

(4) जातिवाचक नाम

125. "स्त्रीशिक्षाबाट केवल लाभै लाभ छ" – कथन हो

(1) ब्याजस्तुति

(2) अतिशयोक्ति

(3) सार्वजनीन सत्य

(4) तर्कहीन उक्ति

126. "शिक्षा दिनाले स्त्रीजाति बिग्रन्छ" – भनाइले वक्ताको मानसिकता झल्कन्छ

(1) परोपकारी

(2) अत्याचारी

(3) शिक्षाविरोधी

(4) रूढिवादी

127. जसरी पुरुषलाई उचित शिक्षा र तालीमको आवश्यकता हुन्छ, त्यसरी स्त्री जातिलाई पनि उचित शिक्षाको प्रयोजन छ – भन्नाको आशय हो

(1) स्त्री र पुरुषका शिक्षा आर्जनका उद्देश्य भिन्ना भिन्नै हुन्

(2) पुरुषको बराबरी गर्न मात्र स्त्रीहरूले शिक्षा आर्जन गर्नुपर्छ

(3) स्त्री र पुरुषलाई बराबर शिक्षा दिइनु

(4) स्त्रीहरूले पुरुषको उत्तर दिनुपर्छ

**128.** 'सामान्य शिक्षा' भन्नाले के बुझ्न सकिन्छ ?

(1) लेखपढ गर्न सक्ने र बुझ्न सक्ने सम्मको दक्षता आर्जन गर्ने शिक्षा

(2) साधारण किसिमको शिक्षा

(3) माध्यमिक स्तरको शिक्षा

(4) सामान्य मानिसलाई दिइने शिक्षा

**129.** 'विस्तृत' शब्दको नजिकको विपरीतार्थक शब्द हुन्छ

(1) पार्श्ववर्ती

(2) संक्षिप्त

(3) अनित्य

(4) अविकृत

**निर्देश** : दिइएको अनुच्छेद पढ्नुहोस् अनि सही विकल्पको चयन गरी तलका प्रश्नहरूको (प्रश्न **130** देखि **135**) उत्तर दिनुहोस् ।

यस वर्तमानमा जनसंख्याको अनियन्त्रित वृद्धिसितै हाम्रो देशमा बेकारीहरूको संख्या पनि निरन्तर बढ्दै गएको छ । त्यस्तो स्थितिमा हाम्रा छात्रहरूको सीमित अध्ययनले विविध प्रतियोगितामूलक परीक्षामा सफल हुने योग्यतासम्म पुग्न नसकिने हुनाले राम्रा-राम्रा श्रेणीका नोकरीहरू 'आकाशको फल' जस्तै भएको छ । व्यापार वा व्यवसायको निम्ति पनि तालिम र धैर्य्यको कमीसितै हाम्रो अर्थनैतिक आधार पनि असाध्यै कमजोर छ । पहिलेदेखि नै संचयको बानी नहुनाले गर्दा हामीसित बचत धन रिक्त छ । 'खाई सार कि लाई सार, मरेपछि लम्पसार' भन्दै भएभरको सबै धन रमाइलोमा खर्च गर्ने बानी, तथा 'ऋण काढेर पनि घिऊ खाऊँ' भन्ने उक्तिमा लागेका हुनाले हाम्रो टुप्पीभरि सदैव ऋणैऋण हुनु कुनै अस्वाभाविक कुरो होइन ।

त्यसप्रकारसित निर्दिष्ट आधारको अभावमा उद्विग्न रहेका ती नयाँ-पुस्तालाई कसले पो प्रगतिको साँचो मार्ग देखाएर तिनीहरूमाझ लगातार राष्ट्रियताको बोध कायम राख्ने ? जता हेरयो त्यतैतिर नै नैराश्यको कालो बादल मात्र देखेर पलायन-भावले ग्रसित हाम्रा छोरा-छोरी, भानिज-भतिजा इत्यादिलाई मद-मदिरा-ड्रग्सादि सेवनको बानीदेखि अलग पारेर कसले पो नि:स्वार्थ भावसित कर्त्तव्य-परायणताको सही पाठ सिकाउने ? वर्तमान मेशिनी-युगले प्रत्येकलाई नै स्वार्थी, संकुचित, धूर्त, बेफुर्सदी तथा बिलकुल यन्त्रसरह पारेको छ, यस्तोमा अब साँचो मित्र, दार्शनिक र मार्गदर्शक कतातिर खोज्ने ? यसप्रकार आँखा खोलेर चारैतिर निरीक्षण गर्दा अब निक्कै अबेर समेत भइसकेको कुरोले हैरान पार्दछ । तर ढिलै भएपनि उत्थानको सम्भावना भने सम्पूर्णरूपेन शून्य बनिसकेको छैन ।

**130.** 'भानिज-भतिजा' बुझाउन तलका युग्महरूमध्ये सर्वाधिक नजिक कुन छ ?

(1) दिदीबहिनीका छोरा - दाजुभाइका छोरा

(2) मावलकी बहिनी - फुपूका छोरा

(3) मावलका दाजु - फुपू घरका भाइ

(4) दाजु - भाइ

**131.** पाठमा प्रयुक्त 'खाई सार कि लाई सार मेरपछि लम्पसार' र 'ऋण काढेर पनि घिऊ खाऊ' जस्ता उक्ति के हुन् ?

(1) वाग्धारा

(2) तुक्का

(3) उखान

(4) सूक्ति

132. 'वर्तमान मेशिनी-युग' भन्नाले बुझिन्छ ?

(1) वरिपरि मेशिन नै मेशिन भएको परिवेश

(2) मेशिनको मात्र प्रयोग गरिने व्यवस्था

(3) मानिसले पनि मेशिनले जस्तो काम गनुपर्ने स्थिति

(4) प्राविधिक तथा यान्त्रिक दृष्टिले विकसित समय

133. 'मार्गदर्शक' शब्दको लाक्षणिक अर्थ हुन्छ

(1) बाटो देखाउने

(2) आफू हिंड्ने पथ राम्रो चिन्ने

(3) सामाजिक समस्या बुझ्ने, चिन्तन गर्ने अनि सबै विषयको अध्ययन गर्ने

(4) युगअनुसार नेतृत्व प्रदान गर्दै नैतिक रूपले मानव समाजलाई अघि बढाउन उद्यत रहने

134. 'रमाइलो' शब्दको निर्माण भएको छ ?

(1) उपसर्ग जोडिएर

(2) मध्यसर्ग थपिएर

(3) परसर्ग जोडिएर

(4) समास विधिद्वारा

135. प्रस्तुत पाठले कुन समस्यालाई केन्द्रमा राखेको छ ?

(1) जनसङ्ख्या वृद्धि

(2) बेरोजगारी

(3) खर्च गर्ने बानी

(4) यान्त्रिक उपकरणको प्रयोग

**निर्देश :** उपयुक्त विकल्पको चयन गर्नुहोस् (प्रश्न **136 देखि 150**)

136. विद्यार्थीहरूका श्रवण क्षमताको विकासलाई कुनै प्राथमिक शिक्षकले उत्कृष्ट ढङ्गमा यसरी प्रोत्साहित गर्न सक्छ

(1) श्रवणसम्बन्धीका विशेष क्रियाकलापलाई दैनिक चर्याका नियमित तत्त्वका रूपमा सङ्गठित गरेर

(2) बोल्दै गर्दा कहिले काहीं रोकिएर प्रत्येक विद्यार्थीलाई भर्खरै भनिएका कुरा दोहोऱ्याउन लगाएर

(3) विद्यार्थीहरू बोल्दै गर्दा ध्यानपूर्वक सुन्ने आचरणद्वारा

(4) विद्यार्थीलाई घरिघरि उनीहरू के सुनिरहेका छन् त्यसबारे राम्रोसँग विचार गर्न लगाएर

137. एकजना शिक्षिकाका कक्षामा विविध भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू छन् । उनीहरूलाई अतिरिक्त सहयोग प्रदान गर्न उनले विद्यार्थीहरूसित मौखिक अन्तर्क्रियामा घरिघरि शारीरिक गति र हाउभाउ समाविष्ट गर्दै सरल वाक्यका माध्यम शब्दमा रहेका अक्षरहरूको स्पष्ट उच्चारण (clapping) गर्छिन् । उनको यस विधिले मुख्यत: कुन चाहिं कौशललाई केन्द्रित गर्छ ?

(1) लय

(2) व्यावहारिक ज्ञान

(3) स्वानिमिक सचेतता

(4) वाक्य विज्ञान

138. अरूसँग प्रभावकारी ढङ्गले अन्तर्क्रिया गर्ने अनि बुझ्ने योग्यता __________ ज्ञान हो ।

(1) उडन्ते/आकाशीय

(2) भाषावैज्ञानिक

(3) अन्तर वैयक्तिक

(4) आन्तवैयक्तिक

139. एकजना शिक्षिकाले विद्यार्थीको गलत प्रतिक्रियालाई रचनात्मक दृढताका साथ सम्बोधन गर्छिन् । शिक्षिकाले निम्न विषयप्रतिको आफ्नो बुझाइ प्रदर्शित गरिरहेकी छन्

(1) विद्यार्थीले अधिग्रहण गरेको नकारात्मक भावुक प्रतिक्रिया

(2) भाषिक विकासको प्रवर्द्धन

(3) सिकाइका विभिन्न युक्तिहरूको समावेशीकरण

(4) बोधपरक विकासलाई प्रोत्साहन

140. यदि कुनै विद्यार्थीको सहभागिता गर्ने क्षमता अनि शिक्षालाभ कुनै लामो समयदेखि रहेको शारीरिक, ऐन्द्रिक, मानसिक स्वास्थ्य वा सिकाइमा रहेको अशक्तताका कारण प्रतिबन्धित भए यो कुरो उपयुक्त हुन्छ

(1) उपचार

(2) कक्षा प्रबन्धन

(3) मानविकीमा आधारित शिक्षा

(4) विशेष आवश्यक शिक्षा

141. मूल्याङ्कनको मानदण्ड हो

(1) मूल्याङ्कन निर्देशिका

(2) प्रत्येक प्रश्नमा गरिएको अङ्क वितरण

(3) विद्यार्थीको योग्यताको साधारण प्रभाव

(4) मूल्याङ्कन उपकरण

142. समान ध्वन्यान्त हुने युग्म चिन्नुहोस् ।

(1) पारस/कैलाश

(2) धरणी/धारिणी

(3) अनु/अणु

(4) सम/विषम

143. रचनात्मकतावाद (Constructivism) त्यो सिद्धान्त हो जहाँ विद्यार्थीहरूले

(1) विषय-वस्तुहरूको अनुभव र ती अनुभवहरूबारे चिन्तन गरेर आफ्नो किसिमको बुझाइ अनि विश्वज्ञानबोधको विकास गर्दछन्

(2) विविध असदृश नमुनाहरूको अध्ययन गर्छन् अनि उचित निष्कर्ष निकाल्छन्

(3) शिक्षकबाट सहयोग प्राप्त गर्छन् अनि शोधका निम्ति विविध माध्यमको प्रयोग गर्छन् र आफ्नै सिद्धान्त प्रतिपादन गर्छन्

(4) आफ्ना लागि सिकाइका उपकरणहरूको रचना आफै गर्दै आफ्नै हातले अनुभव आर्जन गर्छन्

144. सन्देश (message) मा रहेका विशेष पक्षहरू, जस्तै ध्वनि, शब्दहरूको वर्ग, रूपपरक विभाजन आदि चिन्ने वा खुट्ट्याउने ______ क्रिया हो ।

(1) पढ्नु

(2) लेख्नु

(3) सुन्नु

(4) बोल्नु

145. विषय-केन्द्रित विधि त्यो हो जहाँ सिकाइका अनुभव वा युक्तिहरू यी - वरिपरि सङ्गठित रहन्छन्

(1) विद्यार्थीको रुचि

(2) पाठ्यक्रमको-विषय

(3) विषयमा शिक्षकको दखल

(4) शैक्षिक तकनिकी

146. प्रतिभासम्पन्नताका सर्वोत्तम लक्षणहरू प्रायःजसो निम्न कुराद्वारा व्यक्त हुन्छन्

(1) IQ - जाँच

(2) EQ - जाँच

(3) शिक्षकगण अनि अभिभावकहरू

(4) स्कुल रेकर्डमा भएको समग्र विवरण

147. एकाधिक भाषाज्ञान हुन आवश्यक पेसाबारे प्रकाश पार्न माध्यमिक स्कुलका एकजना शिक्षकले दिनहुँजसो बहुदेशीय संस्थाहरूबारे छापिएका समाचार र पत्रिकाका लेखहरू भेला गर्छन । यस्ता सामग्रीका प्रयोगले विद्यार्थी-हरूलाई सहयोग पुऱ्याउँछ

(1) विभिन्न किसिमका द्विभाषिक समुदायका विशेषता र नेटवर्क खुट्ट्याउन

(2) मानिसहरूलाई अन्य देशमा आप्रवास गर्न वाध्य गराउने स्थितिहरू बुझ्न

(3) वैश्विक समाजमा द्विभाषिक हुनाका सुविधा बुझ्न

(4) उनीहरू ठुला भएपछि कहाँ बस्न र काम गर्न चाहन्छन् भन्ने कुराको निर्णय लिन

148. सुन्ने-बोल्ने कार्यको मूल्याङ्कन गर्दा तपाईं तलका वार्तालापको मूल्याङ्कन कसरी गर्नुहुन्छ

| | |
|---|---|
| शिक्षक | किन दिल्लीमा बतास यति धुवाँलो छ ? |
| विद्यार्थी 1 | खास गरी धुवाँ र धुलोले गर्दा । |
| विद्यार्थी 2 | मेरो पनि त । यो पनि धुवाँलो छ । |

(1)

| | |
|---|---|
| विद्यार्थी 1 | भुल प्रतिक्रिया |
| विद्यार्थी 2 | सही प्रतिक्रिया |

(2)

| | |
|---|---|
| विद्यार्थी 1 | सही प्रतिक्रिया |
| विद्यार्थी 2 | भुल प्रतिक्रिया |

(3)

| | |
|---|---|
| विद्यार्थी 1 | भुल प्रतिक्रिया |
| विद्यार्थी 2 | भुल प्रतिक्रिया |

(4)

| | |
|---|---|
| विद्यार्थी 1 | सही प्रतिक्रिया |
| विद्यार्थी 2 | सही प्रतिक्रिया |

149. कुनै पाठमा रहेको शब्दको 'मूल्य' भन्नाले बुझिन्छ

(1) कुनै सन्दर्भमा शब्दको अप्रत्यक्ष प्रयोग

(2) शब्द प्रयोगका विविध तरिका

(3) शब्दको कोशगत अर्थ

(4) निर्दिष्ट सन्दर्भमा शब्दको महत्त्व

150. ________ भाषा शिक्षणले विद्यार्थीहरूको प्रामाणिक र अर्थपूर्ण अन्तर्क्रियाको संलग्नतामा जोड दिन्छ

(1) व्याकरण-अनुवाद

(2) द्विभाषिक

(3) सम्प्रेषणपरक

(4) अनौपचारिक

SPACE FOR ROUGH WORK

## SPACE FOR ROUGH WORK

SPACE FOR ROUGH WORK

**तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस**

1. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।

2. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।

3. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।

4. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।

5. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।

6. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।

7. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।

8. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अधि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।

9. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।

10. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।

11. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।

12. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

**READ CAREFULLY THE FOLLOWING INSTRUCTIONS :**

1. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with Blue/Black Ball Point Pen on Side-2 of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
2. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
3. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
4. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
5. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/ room.
6. Each candidate must show on demand his / her Admission Card to the Invigilator.
7. No candidate, without special permission of the Superintendent or Invigilator, should leave his / her seat.
8. The candidates should not leave the Examination Hall without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet a second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case.
9. Use of Electronic / Manual Calculator is prohibited.
10. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
11. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
12. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Room / Hall.** ***The candidates are allowed to take away this Test Booklet with them.***

**निम्नलिखित निर्देश ध्यान से पढ़ें :**

1. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के पृष्ठ-2 पर केवल एक वृत्त को ही पूरी तरह नीले/काले बॉल पॉइन्ट पेन से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
2. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
3. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
4. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
5. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश कार्ड के सिवाय किसी प्रकार की पाठ्य सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
6. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-कार्ड दिखाएँ ।
7. अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
8. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा ।
9. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
10. परीक्षा-हॉल में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
11. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
12. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी कक्ष / हॉल छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें ।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।***

SEAL